**मिति २०७३/०८/०५ गतेका दिन नि.प्र.जि.अ. श्री हरि प्रसाद पन्तज्यूको अध्यक्षतामा बसेको जिल्लास्थित कार्यालय/संस्थानहरुको प्रमुखको बैठकमा भएको निर्णय :-**

१. श्री क्षेत्रीय प्रशासन कार्यालय, म.वि.क्षे., हेटौडाको च.नं. ६१७, मिति २०७३/०७/२३ को जिल्ला स्थित विभिन्न कार्यालय अन्तर्गत जिल्ला भित्र संचालित २५ लाख वा सो भन्दा माथिको अनुमानित लागत रहेका आयोजनाहरुको विवरण सम्बन्धी पत्रको व्यहोरा जानकारी भयो । सो सम्बन्धमा विकास निर्माणसँग सम्बन्धित कार्यालयहरुले तोकिएको ढाँचामा विवरण तयार गरी जिल्ला प्रशासन कार्यालय, मकवानपुरमा पठाउने ।

२. श्री गृह मन्त्रालय, स्थानीय प्रशासन शाखाको च.नं. ११२, मिति २०७३/०७/२७ को जातीय भेदभाव र छुवाछुत अन्त्य तथा दलित अधिकार प्रवर्द्धनसम्बन्धी कार्यविधि, २०७३ सम्बन्धी व्यहोरा अवगत गराईयो ।

३. श्री गृह मन्त्रालय, नीति योजना तथा अनुगमन शाखाको च.नं. ४०२, मिति २०७३/०७/२८ को वर्ड फ्लू रोग नियन्त्रण प्राविधिक समितिलाई सक्रिय बनाई सतर्कता अपनाउने सम्बन्धी पत्रको व्यहोरा अनुसार गर्ने/गराउने व्यवस्था जिल्ला पशु सेवा कार्यालयले मिलाउने ।

४. श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा च.नं. ४४७, मिति २०७३/०८/०३ को २०७३ मंसिर ९ गते प्रथम उद्योग दिवस मनाउने (नेपाल सरकार माननीय मन्त्रीस्तरको निर्णय) सम्बन्धी पत्रको व्यहोरा अनुसार घरेलु तथा साना उद्योग कार्यालय र हेटौडा औद्योगिक क्षेत्र व्यवस्थापन लि. कार्यालयले आवश्यक व्यवस्था मिलाउने ।

५. मकवानपुर जिल्लामा देखा परेको डेंगु रोग नियन्त्रणार्थ जिल्ला जन स्वास्थ्य कार्यालयको संयोजकत्वमा सम्पूर्ण सार्वजनिक निकायका प्रमुखहरु, जिल्ला स्थित राजनीतिक दलहरु, उद्योग वाणिज्य संघ, उद्योग संघ, पत्रकार महासंघ लगायतका निकायहरुको अनुगमनमा डेंगु प्रभावित क्षेत्र/स्थानको पहिचान गरी नियन्त्रणका उपायको अवलम्बन गर्ने/गराउने व्यवस्था मिलाउने ।

२०७३/०८/०५

नि० प्रमुख जिल्ला अधिकारी